प्रदेश लोक सेवा आयोग,

कोशी प्रदेश, विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका स्वास्थ्य सेवा, आयुर्वेद समूह, आठौं तहका पदहरूको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रमलाई निम्नानुसार विभाजन गरिएको छ :

परीक्षाको चरण	परीक्षाको किसिम	पूर्णाङ्क
प्रथम	लिखित परीक्षा	२००
अन्तिम	कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता	५०

परीक्षा योजना (Examination Scheme)

१. प्रथम चरण (First Phase)

पत्र	विषय	पूर्णाङ्क	उत्तीर्णाङ्क	परीक्षा प्रणाली	प्रश्न संख्या X अङ्क	समय
प्रथम	आयुर्वेद सम्बन्धी विषय	१००	४०	वस्तुगत: बहुवैकल्पिक प्रश्न (MCQs)	१०० प्रश्न X १अङ्क	१ घण्टा १५ मिनेट
द्वितीय		१००	४०	विषयगत (Subjective)	१० प्रश्न X १०	३ घण्टा

२. अन्तिम चरण: कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता

विषय	पूर्णाङ्क	परीक्षण प्रणाली	समय
कम्प्युटर सीप परीक्षण	१०	प्रयोगात्मक (Practical)	२० मिनेट
सामूहिक परीक्षण (Group Test)	१०	सामूहिक छलफल (Group Discussion)	३० मिनेट
व्यक्तिगत अन्तर्वार्ता (Individual Interview)	३०	मौखिक (Oral)	-

द्रष्टव्य:-

१. यो पाठ्यक्रम योजनालाई **प्रथम चरण (लिखित परीक्षा) तथा अन्तिम चरण (कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता)** गरी दुई भागमा विभाजन गरिएको छ।

२. **प्रश्न पत्र अंग्रेजी वा नेपाली भाषामा हुनेछ।**

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिने छ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

५. वस्तुगत प्रश्न हुने परीक्षामा क्यालकुलेटर तथा कुनै पनि परीक्षामा मोबाईल फोन, स्मार्ट वाच, हेडफोन तथा अन्य कुनै पनि प्रकारको विद्युतीय उपकरणहरूको प्रयोग गर्न पाइने छैन।

६. विषयगत प्रश्नका लागि तोकिएका अङ्कका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिनेछ।

७. परीक्षामा सोधिने प्रश्न संख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिइए अनुसार हुनेछ।

८. द्वितीय पत्र (विषयगत प्रश्न हुने पत्र) का हकमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरूको उत्तर सोही खण्डको उत्तर पुस्तिकामा लेख्नु पर्नेछ।

प्रदेश लोक सेवा आयोग,

कोशी प्रदेश, विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका स्वास्थ्य सेवा, आयुर्वेद समूह, आठौं तहका पदहरूको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

९. प्रथम र द्वितीय पत्रका पाठ्यक्रमका एकाईहरूबाट सोधिने प्रश्नहरूको संख्या देहाय अनुसार हुनेछः

प्रथमपत्र एकाई	1	2	3	4	5	6	7	8	9	10
प्रश्नसंख्या	5	10	3	10	8	10	10	20	12	12
खण्ड	A			B			C		D	

द्वितीय पत्र एकाई	1	2	3	4	5	6	7	8	9	10
प्रश्नसंख्या	1	1	1	1	1	1	1	1	1	1

१०. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/ विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भइ हटाइएका वा थप गरी संशोधन भएका) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

११. प्रथम चरणको लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइने छ।

१२. प्रथम चरणको लिखित परीक्षा र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको कूल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१३. **पाठ्यक्रम लागू हुने मितिः- २०८३/६/२३ (आ.व. ०८३/८४ को विज्ञापनदेखि लागू हुने)**

प्रदेश लोक सेवा आयोग,

कोशी प्रदेश, विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका स्वास्थ्य सेवा, आयुर्वेद समूह, आठौं तहका पदहरूको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

प्रथम र द्वितीय पत्र :- आयुर्वेद सम्बन्धी विषय

Section A

१) **मौलिक सिद्धान्तः**

१.१ आयुर्वेदको अवतरण, प्रकृति, शरीर, मन, आत्मा, दोष-भेद-स्थान-कर्मको ज्ञान।

१.२ धातु, उपधातु, मल पञ्चमहाभूतको ज्ञान।

१.३ द्रव्य-गुण-कर्म-सामान्य-विशेषादिको ज्ञान।

१.४ प्रमाण-प्रत्यक्ष, अनुमान, आप्तोपदेश, युक्ति, कारण आदिको ज्ञान।

१.५ विभिन्न दर्शन, संहिता, बृहत्त्रयी, लघुत्रयी आदिको ज्ञान।

१.६ मौलिक सिद्धान्तका समग्र विषयहरूको ज्ञान

२) **शरीर रचना र क्रिया विज्ञानः**

२.१ गर्भशरीर - गर्भको परिभाषा, सूक्ष्म-रचनात्मक परिचय, गर्भाधान, पोषण, अपरा निर्माण, अङ्ग-प्रत्यङ्ग निर्माण आदिको ज्ञान।

२.२ अस्थिशारीर, सन्धिशारीर, लसिका संस्थान, पेशी शारीर, सिरा-धमनी र स्रोत शारीर एवं विभिन्न संस्थानहरूको आयुर्वेदीय तथा आधुनिक मतानुसार ज्ञान।

२.३ ग्रन्थी कला-त्वक्-मर्म, इन्द्रिय शारीरको ज्ञान।

२.४ सञ्चय, प्रकोप, प्रसर आदि षट्क्रियाकाल को ज्ञान,

२.५ दोषहरू- वात-पित्त-कफको भेदानुसार स्थान-गुण-कर्मको ज्ञान र दोषहरूको विकारकारित्व, व्याधिजनकत्वको ज्ञान।

२.६ प्राणवहस्रोतस, रक्त, हृत्कार्यचक्र, रक्तचाप, नाडीको ज्ञान। श्वास-प्रश्वास र अग्निहरू, पाचन पोषण-सात्मीकरणबारे क्रियाहरूको आयुर्वेदीय तथा आधुनिक मतानुसार ज्ञान।

२.७ एकादशेन्द्रियको ज्ञान। स्वतन्त्र र परतन्त्र नाडी संस्थान, अन्तस्रावी ग्रन्थीहरूको कार्य र क्षय-वृद्धिका लक्षणको ज्ञान।

३) **स्वास्थ्य सम्बन्धी ऐन, नियमहरुः**

३.१ स्वास्थ्य सेवा ऐन, २०५३

३.२ स्वास्थ्य सेवा नियमावली, २०५५

३.३ आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५

३.४ सिंहदरबार वैद्यखाना विकास समिति गठन आदेश, २०५१

३.५ राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२

३.६ नागरिक आरोग्य कार्यक्रम

३.७ कोशी प्रदेशको स्वास्थ्य सम्बन्धी कानूनहरू

३.७.१ कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७

३.७.२ कोशी प्रदेश जनस्वास्थ्य नियमावली, २०८२

३.७.३ एम्बुलेन्स सेवा निर्देशिका, २०८२ (कोशी प्रदेश)

३.७.४ प्रदेश स्वास्थ्य नीति -२०८२

Section B

४) **द्रव्यगुणः**

४.१ द्रव्यगुणशास्त्रको परिभाषा, रस-गुण-वीर्य-विपाक-प्रभावको ज्ञान।

४.२ कर्मवाचक शब्दहरू जस्तै, दीपन-पाचन आदिको परिभाषा, , भेषज प्रयोग गर्दा विचारणीय पक्षहरू जस्तै देश-काल-बल आदिको ज्ञान।

४.३ महाकषाय तथा गणहरू र पारिभाषिक शब्दहरूको बारे विस्तृत ज्ञान।

४.४ निघण्टुहरू (धनवन्तरी निघण्टु, राज निघण्टु, भावप्रकाश निघण्टु) को विश्लेशणात्मक ज्ञान।

४.५ निम्न द्रव्यहरूको नेपाली, संस्कृत र लेटिन नाम, कुल, सामान्य परिचय, मुख्य रसार्यानक घटक, आमयिक प्रयोग संस्थानिक कर्म, विषाक्त प्रभाव र त्यसको निवारण, प्रयोज्य अङ्ग, मात्रा एवं औषधि योग वारे ज्ञान।

अर्क	एलाद्वय	गुडुची	दन्ती	पिप्पली	रास्ना
अगुरु	कर्कट शृङ्गी	गुग्गुल	दाडिम	पुनर्नवा	लताकरञ्ज
अग्निमन्थ	काञ्चनार	गोक्षुर	दारुहरिद्रा	पुष्करमूल	लवङ्ग
अजमोदा	कुटज	चाङ्गेरी	देवदारु	पृश्नपर्णी	लोध्र
अर्जुन	कण्टकारी	चित्रक	धतुर	बला	वासा
अतिबला	कपिकच्छु	चन्दन	धातकी	ब्राह्मी	वचा
अतिविषा	कुपिल	जम्बु	धान्यक	बृहती	वरुण
अपामार्ग	कुमारी	ज्योतिष्मती	नागकेशर	भल्लातक	वाकुची
अश्वगन्धा	करञ्ज	जातिफल	नागबला	भृङ्गराज	विभीतक
अशोक	करवीर	जटामसी	निम्ब	मधुयष्टी	विडङ्ग
अहिफेन	किराततिक्त	जीरक	निम्बुक	मरिच	सप्तपर्ण
आर्द्रक	कुष्ठ	त्वक्	निर्गुण्डी	मण्डुकपर्णी	सर्पगन्धा
आमलकी	कृष्णजीरक	तुलसी	पटोल	मुस्तक	सारिवा
आरग्वध	कुष्माण्ड	तुवरक	पलाश	मिश्रेया	हरितकी
इन्द्रवारुणी	खदिर	तालिशपत्र	पाठा	यवासा	हिङ्गु
उशीर	गम्भारी	तेजोह्वा	पाटला	यवानी	हरिद्रा
एरण्ड	गन्धप्रसारिणी	त्रिवृत	पारसिकयवानी	रसोन	

४.६ गुणस्तरीय जडीबुटी संकलन, भण्डारणको बारेमा आयुर्वेद तथा आधुनिकमतानुसार ज्ञान, द्रव्यगत अशुद्धिहरूको सामान्य, विशिष्ट शोधन, अपमिश्रण एवं प्रतिनिधि द्रव्य।

४.७ कोशी प्रदेशमा भएका महत्वपूर्ण जटिबुटीहरू, जांगम द्रव्यको बारेमा सामान्य जानकारी।

४.८ जटिबुटीहरूको जिविकोपार्जनमा महत्व।

४.९ Biodiversity and herbal medicines of Nepal

५) रसशास्त्र, भैषज्य कल्पनाः

५.१ रसशास्त्र र भैषज्य कल्पनाको परिभाषा, लवण पञ्चक, क्षार पञ्चक, मधुरत्रय आदि।

५.२ परिभाषा प्रकरण, औषधि निर्माणका पुट-मूषा-कोष्ठीको ज्ञान, रसको पर्याय, रसौषधिहरूको निर्माण बिधि, मात्रा, गुण, आमयिक प्रयोग, उपरस-महारस, धातु, उपधातु, रत्न-उपरत्न, विष-उपविष आदिहरूको शोधन मारण र उपयोग आदिको ज्ञान।

५.३ भैषज्य कल्पनाका आधारभूत सिद्धान्तहरू पञ्चविध कषाय कल्पना, र आयुर्वेद चिकित्सामा प्रयोगहुने विभिन्न प्रकारका चूर्ण, वटी, आसव, अरिष्ट, घृत, तैल आदिको निर्माण, प्रयोग, मात्रा र पथ्य निर्माणको ज्ञान।

५.४ औषधि संरक्षण विधिको आयर्वेद तथा आधुनिक मतानुसार ज्ञान।

५.५ भस्म, आसवरिष्ट, अवलेह, तैल घृत आदिको परिक्षण विधिको आयुर्वेद तथा आधुनिक ज्ञान।

५.६ आयुर्वेद औषधि निर्माणका लागि निर्माणशालाको आयुर्वेद तथा आधुनिक मापदण्डहरूको ज्ञान।

५.७ GMP को बारेमा ज्ञान।

प्रदेश लोक सेवा आयोग,

कोशी प्रदेश, विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका स्वास्थ्य सेवा, आयुर्वेद समूह, आठौं तहका पदहरूको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

Section C

६) स्वस्थवृत्त, ब्यवहार आयुर्वेद र अगदतन्त्रः

६.१ व्यक्तिगत स्वास्थ्य—स्वस्थ्य वृत्तको प्रयोजन, स्वास्थ्यको लक्षण, दिनचर्या, रात्रीचर्या, ऋतुचर्या, त्रयउपस्तम्भ, सदवृतपालन, धारणिय र अधारणिय वेग, उपवास, निन्दित, अतिनिन्दित पुरुष, आचाररसायन, मिथ्याहार विहार, प्रज्ञापराध, आहारविधि, आहार विधि विशेषायन, पथ्यापथ्यको व्यक्तिगत र सामामजिक स्वास्थ्यमा प्रभागको ज्ञान। संतर्पण अपतर्पणजन्य व्याधिहरू।

६.२ वैयक्तिक, सामाजिक एवं पर्यावरणीय स्वास्थ्यको ज्ञान।

६.३ आहार तथा पोषण—जीवनीय तत्व (भिटामिन) हीनता जनित रोगहरू, प्रोटिन, वसा (Fat), खनिज (Mineral), लवण (Salt) को महत्व अभावजन्य व्याधिहरू, षडरस भोजनको महत्व।

६.४ राष्ट्रिय पोषण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, जनसंख्या, मातृशिशु कल्याण कार्यक्रम, परिवार नियोजन (Family Planning) सम्बन्धी ज्ञान।

६.५ आहार विधि, मात्रा, काल भूमि, जल, वायु, तेजको विकृति एवं जनपदध्वंशको ज्ञान।

६.६ स्वास्थ्य रक्षा, रोग प्रतिरोधात्मक उपायहरू, कार्यक्रमहरू र अन्तर्राष्ट्रिय सहयोग वारे ज्ञान।

६.७ योग—परिभाषा, स्वास्थ्य रक्षामा योगको महत्व, अष्टाङ्ग, आसनको उपयोगिता र स्वास्थ्य माथि प्रभाव, आसन (सूर्यनमस्कार, स्वस्तिकासन, गोमुखासन, कुर्मासन, कुक्कुटासन, उत्तानपादासन, धनुरासन, मत्स्येन्द्रासन, पश्चिमोत्तासन, मयुरासन, शवासन, सिद्धासन,पद्मासन, सिंहासन, सर्वागासन, शीर्षासन, पवनमुक्तासन, भुजङ्गासन, वज्रासन, चक्रासन आदि।)को ज्ञान।

६.८ - प्राणायाम, षटकर्म, नैष्ठिकी चिकित्सा, निसर्गोपचारको प्रयोजन तथा महत्व, उपवासको चिकित्सामा महत्व।

६.९ योग तथा प्राकृतिक चिकित्साको ज्ञान।

६.१० अगततन्त्र परिभाषा, विषको परिभाषा, उत्पति, विष प्रकार। स्थावर, जङ्गम, रसायनिक, कृत्रिम विषहरूको ज्ञान.

६.११ विषको परीक्षा, मद्यविष, मद्य विषको दोष तथा गुण, मदको विभिन्न अवस्था, मदात्ययको लक्षण एवं चिकित्सा।

६.१२ जांगम विष- सर्पविष, विष अनूसार सर्पको भेद, सर्पदशंको लक्षण एवं चिकित्सा, वृश्चिक विष, लुता विष, मुषक विष, अलर्क विषको लक्षण चिकित्सा एवं साध्यसाध्यता

६.१३ उपविष - कुपिलु, भल्लातक, अहिफेन, धतुर, भांग, अर्क, जयपाल आदिको वर्णन लक्षण एवं चिकित्सा।

६.१४ खनिज विष - पारद, नाग, वंग, गौरीपाषाण तथा ताम्र आदिको प्रभाव, लक्षण एवं चिकित्साको ज्ञान।

६.१५ व्यवहार आयुर्वेद (Medical Jurisprudence)- परिभाषा, व्यवहार आयुर्वेद सम्बन्धी शव परीक्षण विधि न्यायिक वैद्यवारे ज्ञान, चिकित्सकीय कर्तव्य, गोपनियता, मृत्युकालको समय लिखित तथा मौखिक साक्ष्य। व्याभिचार, अप्राकृतिक कर्म, गर्भपात (Miscarriage), भ्रुणहत्या, कौमार्य (Virginity) को व्यवहारायुर्वेदिय ज्ञान।

७) रोगविज्ञान तथा विकृति विज्ञानः

७.१ दोष-धातु-मलहरूको उपचय, वृद्धि र क्षयका लक्षणहरू, दोषहरूको संचय, प्रकोप प्रसर, षट् क्रियाकालको आदिको ज्ञान।

७.२ दोष दूष्यहरूको कोष्ठ-शाखाश्रय, दोषका कर्महरू, रोग मार्गहरू, विकृति विज्ञानको परिभाषा र महत्व, स्रोतहरूको बिवरण, महत्व, स्रोतो वैगुण्य, स्रोतो दुष्टिका कारण, लक्षणहरूको ज्ञान।

७.३ स्थानस्थ धातु विकृति, रोगका प्रकारहरू र तिनीहरूका बिशेष अवस्थाहरू जस्तै, आम-पक्वको निरुपण, निदान पञ्चकको महत्व।

७.४ बिभिन्न स्रोतवह जस्तै रस-वह, रक्त-वह, प्राण-वह, उदक-वह, अन्न-वह, मेदो-वह, मनो-वह, स्रोत एवं वातनाडी स्रोतका रोगहरूको विशिष्ट ज्ञान।

७.५ प्राणवह स्रोतस्, श्वास—प्रश्वास रक्त परिभ्रमण, हृत्कार्यचक्र, रक्तचाप, नाडीको ज्ञान।

७.६ अग्निहरू, आम, पाचन तथा पोषण क्रियाहरूको आयुर्वेद तथा आधुनिक मतानुसार ज्ञान।

७.७ जीवतिक्ति (भिटामिन) हीनता जनित रोगहरू, रोगोत्पत्तिमा सूक्ष्म जीवाणुहरूको भूमिका, परजीवीहरूको प्रकार, स्वरुप, रञ्जन विधि, जीवन चक्र, निर्जीवीकरण, कृत्रिम उत्पादनहरूको सामान्य परिचय, कफ-मल-मूत्र-रक्त-क्ष-किरण परीक्षण आदिको ज्ञान।

७.८ निदान पञ्चकको महत्व, रोग एवं रोगी परीक्षण जस्तै, वक्ष-नाडी-उदर साथै त्रिविध, प्रमाणअनुसार चतुर्विध, पञ्चेन्द्रिय परीक्षा र प्रश्न अष्टविध रोगी परीक्षणको आयुर्वेद तथा आधुनिक विषयको ज्ञान।

Section D

८) **काय चिकित्साः**

८.१ आदि दैविक, आदि भौतिक, अध्यात्मिक र स्थानीय रोगहरूको निदान, चिकित्सा सूत्र र चिकित्साको ज्ञान।

८.२ कुपोषणजन्य एवं मानस रोग तथा वृद्ध अवस्थाजन्य विशिष्ट व्याधिहरूको कारण, लक्षण र चिकित्साहरूको ज्ञान।

८.३ पञ्चकर्म, षक्रियाकाल, रसायन वाजीकरण, नैष्ठिकी चिकित्साको ज्ञान एवं आत्ययिक चिकित्सामा विभिन्न अवस्थाको निदान र चिकित्साको ज्ञान।

८.४ रसायन– परिभाषा, प्रयोजन , प्रकार तथा सेवनको आधारमा रसायन भेद।

८.५ विविध रसायन योगहरू, रसायनको मात्रा, निर्धारण तथा अवस्थाको अनुसार मात्रा भेद, वृद्धावस्था जनित विकार एवं चिकित्सा, आचार रसायनको स्वास्थमा महत्व।

८.६ अत्यायिक चिकित्सा (Emergency Management)–अत्यायिक चिकित्सा परिभाषा, प्रकार, सामान्य चिकित्सा सिद्धान्त।

८.७ शिरोआघात (Head Injury), दग्ध (Burn), तीव्र रक्तस्राव (Acute Hemorrhage), तीव्र उदरशुल (Acute Abdomen), वृक्क शुल (Colic Pain), पित्ताशय शोथ शुल (Cholecystitis), तीव्र उदर कलाशोथ (Acute peritonitis), आन्त्रावरोध (Intestinal Obstruction), तीव्रश्वास (Acute severe Asthma), Status Epileptics,Coma, आन्त्रशोथ (Gastroenteritis), मुत्रावरोध (Retention Of Urine), हृच्छुल (Chest pain), मुच्रछा (Fanting), तीव्रज्वर (Acute Fever), को ज्ञान तथा सामान्य चिकित्सा।

८.८ औषध प्रतिक्रिया (Drug reaction), विषाक्तता आदिको अत्यायिक अवस्थाको विवेचन तथा व्यवस्थापन Management of acute poisoning) सुचिभरण IV-line opening, catheterization, रक्तदान (Blood Donation),रक्तशर्कराको कमिवा आधिक्यता (Diabetic keto acidosis)

८.९ IV-line opening, catheterization, CPR (cardiopulmonary resuscitation) को ज्ञान।

८.१० आधुनिक चिकित्साको विशिष्ट व्यवस्था पद्धतिहरूको ज्ञान।

९) **शल्य/शालाक्यः**

९.१ शल्यतन्त्र सम्बन्धी व्रण, शोथ, दग्ध, सद्योव्रण, अर्बुद, अस्थिभग्न, सन्धिच्यूतको नैदानिक ज्ञान

९.२ अष्टविध शल्यकर्म आदिको ज्ञान।

९.३ क्षारकर्म, सन्धानकर्म, रक्त मोक्षण आदिको ज्ञान।

९.४ संस्थानगत आयुर्वेद एवं आधुनिक शल्य कर्महरूको आधारभूत ज्ञान।

९.५ शल्यमा प्रयोग हुने यन्त्र-शस्त्रहरू एवं तिनीहरूको निर्जीविकरण (Sterilization) गर्ने विधिको ज्ञान।

९.६ उर्ध्वजत्रुगत जस्तै मुख, नेत्र, कर्ण, नासा एवं शिरोगत रोगहरूको कारण, निदान, लक्षण र चिकित्साको ज्ञान।

९.७ क्रियाकल्प एवं राष्ट्रियस्तरको अन्धोपन निवारण आदि आयोजनाहरूको ज्ञान।

१०) **स्त्री-प्रसूती एवं बालरोगः**

१०.१ रजोविज्ञान– आर्तव, रजोत्पति (Menarche), रजको प्रमाण, मात्रा, स्वरुप, कार्य, रजोनिवृति (Menopause), स्तन्य (Breast Milk), आर्तव (Menstruation) सम्बन्धि ज्ञान।

१०.२ गर्भविज्ञान– गर्भावक्रान्ति (Embryology), गर्भ व्याख्या, शुक्र वर्णन, गर्भमा लिगं निर्णायक लक्षण र परिक्षण, गर्भाकृति, गर्भको मासानुमासिक वृद्धि, अपरा निर्माण (Placental Formation), अपरा विकृति (Placental Disorder), गर्भोपक्रम, नाभिनाडि (Umbilical Cord), गर्भविकृति (Congenital Anomalies), ज्ञान।

१०.३ स्त्रीरोग– रजोक्षय (Amenorrhea), रजोदृष्टि, कष्टार्तव (Dysmenorrhea), रक्तप्रदर (Menorrhegia/Metrorrhegia), श्वेतप्रदर, योनिव्यापद (Vaginal Diseases), योनिभ्रंश (Vaginal/Uterine Prolapse), बन्ध्यत्व (Infertility) आदिको हेतु, लक्षण एवं चिकित्सा।

१०.४ गर्भिणि विज्ञान– सद्योगृहित गर्भको लक्षण, पुसंवन विधि, गर्भिणि निदान एवं लक्षण, गर्भव्यापद–गर्भस्राव (Miscarriage), गर्भपात (Abortion), उपविष्टक, नागोदर, लीनगर्भ, मुढगर्भ (Malpresentation), मृतगर्भ (IUFD), अकाल प्रसब, कालातित प्रसव, गर्भजन्य विषमयता। गर्भिणिचर्या– गर्भिणि आहारविहार दिनचर्या सम्वन्धी निर्देश।

१०.५ प्रसव विज्ञान– प्रसव (Labor) परिभाषा, चरण, अवधि, हेतु, आसन्न प्रसव लक्षण, प्रसवकर्म, प्रसव पत्रिका, उपस्थित प्रसवको लक्षण, प्रसवकालको अवस्थामा प्रबन्ध। प्रसव व्यापद, प्रसवोत्तर रक्तस्राव (Postpartum Hemorrhage), गर्भसंग (Obstructed Labor), अपरासंग (Retained Placenta)

१०.६ सुतिका विज्ञान– सुतिकाकाल (Puerperium), सुतिका कालान्तर्गत परिवर्तन व्यवस्था, सुतिका आहार, सुतिका ज्वर (Puerperal Pyrexia), लक्षण चिकित्सा एवं साध्य साध्यता।

१०.७ मूढगर्भ एवं गर्भ विकृति आदिको ज्ञान।

१०.८ बालरोग शिशुहरूको क्षीर, क्षीरान्ताद अन्नाद आदि अवस्थाहको ज्ञान।

१०.९ स्तन्य– स्तन्यदुष्टि निदान तथा चिकित्सा। स्तन किलक, स्तनविदधि (Breast Abscess) निदान लक्षण एवं चिकित्सा।

१०.१० बालरोग परीक्षा विधी, बालकहरूमा हुने रोगहरू जस्तै, नाभिपाक, मुखफाक, गुदपाक, कुपोषण, कृशता, मलावरोध, छर्दि, अतिसार, ज्वर, क्षीरालसक र प्राणवह स्रोतका रोग। फक्क, यकृत्विकृतिजन्य व्याधिहरू, शैशवीय पक्षाघात, दन्तोद्भेदजन्य रोग र अन्य रोगहरूको निदान, लक्षण, चिकित्सा एवं औषधिको मात्रा निरुपण आदिको ज्ञान।

१०.११ पोषण, धातृ परीक्षण, बालग्रहको निदान, लक्षण र उपचार सम्बन्धी ज्ञान।

१०.१२ खोप सिद्धान्त भेद, खोप दिने समय र विधिहरूको ज्ञान।

१०.१३ आत्ययिक अवस्थामा रोगीको प्राण वचाउन तत्कालिन आधुनिक औषधि तथा आकस्मिक रुपमा गरिने अन्य उपचार विधिहरूको प्रयोगको ज्ञान।

वस्तुगत बहुउत्तर नमूना प्रश्नहरू (Sample questions)

१) शरीरको तापलाई सन्तुलनमा राख्ने महाभूत कुन हो?

A. जल B. आकाश C. तेज D. वायु

२) रोग उत्पत्तिको प्रधान कारण के हो?

A. अपथ्य आहार B. मद्यपान C. धातुहरूको क्षय D. रात्री जागरण

३) गुर्जोले कुन दोष शमन गर्दछ?

A. वात B. पित्त C. कफ D. त्रिदोष

विषयगत नमूना प्रश्नहरू (Sample questions)

१) वात, पित्त, कफको भेद र स्थानहरू लेख्नुहोस्। (५)

२) (क) प्राचीन र अर्वाचीन दृष्टिले अस्थिहरूको संख्या लेखी, जानु सन्धिको वर्णन गर्नुहोस्। (५)

(ख) अन्तः स्रावी ग्रन्थिहरूको नाम लेखी, अधिवृक्कको कार्यको वर्णन गर्नुहोस्। (५)

३) वीर्य र प्रभावको भिन्नता लेखी, निम्न द्रव्यहरूको रस, गुण, वीर्य, विपाक र आमयिक प्रयोग लेख्नुहोस्। १० (४+३+३)

अश्वगन्धा, मधुयष्टी र गोक्षुर

४) (क) गजपुटको निर्माण विधी लेख्नु होस् र शंखको शोधन, मारण, गुण र मात्रा लेख्नुहोस्। ५ (२+३)

(ख) पञ्चविध कषाय कल्पनाको नाम लेखी, सितोपलादि चूर्णको निर्माण विधि लेख्नुहोस्। ५ (२+३)

५) कामला रोगको निदान, पूर्वरुप, लक्षण, चिकित्सा एवं पथ्यापथ्य लेख्नुहोस् (१०)

६) नेपाल स्वास्थ्य सेवा ऐन, नियममा उच्च अध्ययन गर्न पाउने के के आधारहरू निश्चित गरिएका छन्: लेख्नुहोस्। (१०)

प्रदेश लोक सेवा आयोग,

कोशी प्रदेश, विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका स्वास्थ्य सेवा, आयुर्वेद समूह, आठौं तहका पदहरूको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

विषयः- कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)

विषय	पूर्णाङ्क	विषयवस्तु शिर्षक	अङ्क	समय
कम्प्युटर सीप परीक्षण (Computer Skill Test)	१०	Devanagari Typing	२.५ अङ्क	५ मिनेट
		English Typing	२.५ अङ्क	५ मिनेट
		Word Processing	२ अङ्क	१० मिनेट
		Electronic Spreadsheet	१ अङ्क	
		Presentation System	१ अङ्क	
		Windows basic, Email and Internet	१ अङ्क	
जम्मा			१० अङ्क	२० मिनेट

Contents

1. Windows basic, Email and Internet

- Introduction to Graphical User Interface
- Use & Update of Antivirus
- Concept of virus, worm, spam etc.
- Starting and shutting down Windows
- Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of file, folder, menu, toolbar
- Searching files and folders
- Internet browsing & searching the content in the web
- Creating Email ID, Using email and mail client tools
- Basic Network troubleshooting (checking network & internet connectivity)

2. Word processing

- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Copying, Moving, Deleting and Formatting Text
- Paragraph formatting (alignment, indentation, spacing etc.)
- Creating lists with Bullets and Numbering
- Creating and Manipulating Tables
- Borders and Shading
- Creating Newspaper Style Documents Using Column
- Security Techniques of Document
- Inserting header, footer, page number, Graphics, Pictures, Symbols
- Page setting, previewing and printing of documents
- Mail merge

3. Presentation System

- Introduction to presentation application
- Creating, Opening & Saving Slides
- Formatting Slides, Slide design, Inserting header & footer
- Slide Show
- Animation
- Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.

4. Electronic Spreadsheet

- Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
- Creating, Opening and Saving Work Book
- Editing, Copying, Moving, Deleting Cell Contents
- Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
- Formatting Rows, Column and Sheets
- Using Formula with Relative and Absolute Cell Reference

- Using Basic Functions (IF, SUM, MAX, MIN, AVERAGE etc.)
- Sorting and Filtering Data
- Inserting Header and Footer
- Page Setting, Previewing and Printing

अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देशनः-

1. देवननागरी Typing Skill Test को लागि १५० शब्दहरूको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

	शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)	पाउने अङ्क
	५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	० अङ्क
	५ वा सोभन्दा बढी ७.५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	०.५० अङ्क
	७.५ वा सोभन्दा बढी र १० भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	०.७५ अङ्क
	१० वा सोभन्दा बढी र १२.५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	१.०० अङ्क
	१२.५ वा सोभन्दा बढी र १५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	१.२५ अङ्क
	१५ वा सोभन्दा बढी र १७.५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	१.५० अङ्क
	१७.५ वा सोभन्दा बढी र २० भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	१.७५ अङ्क
	२० वा सोभन्दा बढी र २२.५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	२.०० अङ्क
	२२.५ वा सोभन्दा बढी र २५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	२.२५ अङ्क
	२५ वा सोभन्दा बढीशुद्ध शब्द प्रति मिनेट बापत	२.५० अङ्क

2. English Typing Skill Test को लागि २०० शब्दहरूको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

	शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)	पाउने अङ्क
	६ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	० अङ्क
	६ वा सोभन्दा बढी ९ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	०.५० अङ्क
	९ वा सोभन्दा बढी र १२ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	०.७५ अङ्क
	१२ वा सोभन्दा बढी र १५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	१.०० अङ्क
	१५ वा सोभन्दा बढी र १८ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	१.२५ अङ्क
	१८ वा सोभन्दा बढी र २१ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	१.५० अङ्क
	२१ वा सोभन्दा बढी र २४ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	१.७५ अङ्क
	२४ वा सोभन्दा बढी र २७ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	२.०० अङ्क
	२७ वा सोभन्दा बढी र ३० भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत	२.२५ अङ्क
	३० वा सोभन्दा बढीशुद्ध शब्द प्रति मिनेट बापत	२.५० अङ्क

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ। दिइएको अंग्रेजी वा देवनागरी Text मा उल्लिखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट (Correct Words/minute) निकालिनेछ।

Formula:

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\boldsymbol{Total\ words\ typed - Wrong\ words})}{\mathbf{5}}$$

प्रदेश लोक सेवा आयोग,
कोशी प्रदेश, विराटनगर
प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका स्वास्थ्य सेवा, आयुर्वेद समूह, आठौं तहका पदहरूको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

सामूहिक परीक्षण (Group Test)

सामूहिक परीक्षण व्यक्तित्व परीक्षण (Personality Test) को एक परीक्षण विधि हो। निजामती सेवाको क्षेत्र विस्तार तथा कार्य पद्धति परिवर्तन समेत भैरहेको सन्दर्भमा नेपाल तथा प्रदेश सरकारका नीति, योजना, कार्यक्रम आदि माथि विचार-विमर्श, छलफल गरी प्रभावकारी तथा कार्यान्वयनयोग्य समाधान पहिल्याउन सक्ने उम्मेदवारहरूको सक्षमता (Competencies) पहिचान गर्नु यस परीक्षणको मूल उद्देश्य हो।

सामूहिक छलफल (Group Discussion) प्रयोजनको लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेटसम्म (प्रतिव्यक्ति ५ मिनेटका दरले हुने समय) अवधिको नेताविहिन सामूहिक छलफल (Leaderless Group Discussion) को रुपमा सञ्चालन गरिने छ। समूहमा एक वा सो भन्दा बढी विज्ञापनका कम्तीमा तीन जना र बढीमा छ जना सहभागी रहनेछन्। तीन जना भन्दा कम उम्मेदवार भएको अवस्थामा समान योग्यता भएको अन्य विज्ञापनको उम्मेदवारलाई समावेश गराइने तथा त्यस्तो अवस्था पनि नरहेमा डमी उम्मेदवार सहभागी गराइ परीक्षा सञ्चालन हुनेछ।

सामूहिक छलफल परीक्षाका विधि बारे छलफल शुरु हुनु अघि समूहमा जानकारी दिई विषय (topic) दिइन्छ। विषय (topic) पाएपछि बढीमा तीन मिनेट प्रस्तुत गर्ने विषयमा सोच्ने समय पाइन्छ। सो पछि जो कुनै उम्मेदवारले दिइएको निर्देशन बमोजिम छलफल शुरु गरी पालैपालोसँग निर्दिष्ट समयभित्र समूहबीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति (Individual Presentation) गर्नु पर्नेछ। उम्मेदवारहरू कुनै समसामयिक विषय/सवाल/समस्यामा सामूहिक छलफल गरी प्रभावकारी र कार्यान्वयनयोग्य समाधानतर्फ उन्मुख हुनु पर्नेछ।

यस परीक्षामा समूहगत रूपमा उम्मेदवारले प्रस्तुत गरेको छलफल तथा विचार-विमर्शबाट परिस्थिति बुझ्न सक्ने, निर्णय दिने, सरोकारवालालाई क्रियाशील बनाउने, चित्त बुझाउने, निर्धारित लक्ष्य अनुसार काम गर्ने/गराउनेजस्ता कामका सन्दर्भमा समस्यालाई यथार्थपरक ढंगले पहिचान गर्न सक्ने, वाकपटुता, शिष्टता एवं तर्कशक्तिका आधारमा उम्मेदवारहरूको बौद्धिक क्षमता, संचार सीप, समूह गतिशीलता, व्यवहार, व्यक्तित्व, मनोवृत्ति, क्रियाशीलता, निर्णयशक्ति, समस्या समाधान क्षमता, नेतृत्व क्षमता, समय व्यवस्थापन तथा व्यक्तित्वमा भएका गुणहरूको आंकलन गरी व्यक्तिगत रूपमा मूल्याङ्कन हुनेछ।

यस परीक्षामा गरीबी निवारण, सामूहिक सौदावाजी, महिला सशक्तीकरण आदि जस्ता सामान्य विषय (general topic) छलफलका लागि दिइनेछ।